किस्पाङ गाउँपालिका

गाउँसभा

बाह्रौं अधिवेशनमा

उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपानेद्धारा मिति २०८०/०३/१० मा प्रस्तुत

आर्थिक वर्ष २०८०/८१ को

बजेट बक्तब्य

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

बजेट बक्तव्य २०८०

आदरणीय गाउँ सभाका अध्यक्षज्यू,

सभाका सदस्य ज्यूहरु

किस्पाङ गाउँपलिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मैले गौरवान्वित भएको महशुस गरेको छु ।नेपाली जनताको भावना अनुसार संघीयता , समावेशी, लोकतन्त्र प्राप्त गर्न संघर्ष र आन्दोलनको मोर्चामा खटिएको सिपाहीको हैसियतबाट स्थानीय सरकारको उपाध्यक्षको जिम्मेवारी प्राप्त गर्दै गर्दा आन्दोलनका सहयात्री,जीवन बलिदान गर्ने शहिद घाइते अपाङ्ग बेपत्ता नागरिकले देखेका सपना र जनचाहनाहरु बजेट बक्तब्यमा प्रतिविम्वित गर्ने प्रयास गरेको छु ।यस अवसरमा लोकतन्त्र प्राप्त गर्न र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलनको क्रममा आफ्नो जीवन बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । घाईते तथा बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान र परिवारजनमा गहिरो सहानुभूति प्रकट गर्दछु ।

आदरणीय गाउँ सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु

सभाको अध्यक्ष ज्यूबाट प्रस्तुत आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम अनुसार चालु वर्षको समिक्षात्मक विवरण र आ.व.२०८०/८१ को बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. आगामी आर्थिक वर्ष २०८०।८१ को बजेट देहायको उद्देश्य प्राप्ति गर्न केन्द्रित रहने गरी प्राथमिकता दिएको छु ।

- गुणस्तरिय तथा उन्नत वीउ मार्फत कृषि उत्पादनमा वृद्धि, आयस्तरमा वृद्धि ।
- दिगो विकासका लक्ष्य हाँसिल गर्न केन्द्रित रहने ।
- स्थानीय पाठ्यक्रम निर्माण,शिक्षाको गुणस्तर सुधार र सामुदायिक विद्यालय प्रति विश्वासको वातावरण सृजना गर्ने।
- पूर्वाधार निर्माण र गुणस्तरता कायम गर्ने ।
- सुशासन,पारदर्शिता खर्चमा मितब्यीता गर्ने गराउने ।
- ब्यवसायी पशुपालनलाई जोड दिन नक्ष्ल सुधार, प्राविधिक सेवा, खोप तथा महामारी नियन्त्रण ।



अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

- गाउँपालिका क्षेत्रमा नै विभिन्न प्राविधिक विषयहरुको डिप्लोमा तह सम्मको अध्ययनको ब्यवस्था गराउने ।
- आधारभूत स्वास्थ्य सेवा प्रवाह गरी सबै नागरिकलाई सर्वशुलभ निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनमा जोड ।

२. राजश्व सुधारको लागि भूमि करलाई भूमिको वर्गीकरणको आधारमा न्यायोचित दर र दायराको परिकल्पना गरिएको छ । दहत्तर /बहत्तर तथा निकासी कर संकलनलाई व्यवस्थित बनाउने, व्यवसायिक करको दायरालाई विस्तार गर्न सबै प्रकारका व्यवसायलाई अभिलेखीकरण गर्ने व्यवस्था मिलाएको छु ।

३. गत आर्थिक वर्ष २०७८।७९ को यथार्थ आय ४६ करोड ७६ लाख ७६ हजार र यथार्थ व्यय ३४ करोड २७ लाख ६८ हजार भएको जानकारी गराउन चाहन्छु । कुल आयको ७३.२९ प्रतिशत खर्च भएको छ। चालु आर्थिक वर्ष २०७९।८० को कुल ५० करोड २ लाख ८१ हजार बजेट विनियोजन भएकोमा हाल सम्मको खर्च र सृजना भएको दायित्व अनुसार करीब ७ करोड रकम अ.ल्या. भइ आगामी आ.व. मा आम्दानी हुने अनुमान गरेको छु ।असार मसान्त सम्मको संशोधित आय व्ययको अनुमान र आगामी आर्थिक वर्ष २०८०/८१ को अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेखित गरेको छु ।

आदरणीय गाउँ सभाका अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु

४. विषय तथा क्षेत्रगत विकासका वार्षिक मुख्य कार्यक्रम तथा बजेट विनियोजन प्रस्तुत गर्न अनुमती चाहन्छु ।

५. आधारभूत स्वास्थ्य सेवा प्रवाह, जनशक्ति व्यवस्थापन र स्वास्थ्य सेवा सुदृढीकरण, जनशक्तिको क्षमता विकास समेतको लागि स्वास्थ्य तथा सरसफाई तर्फ कुल रु. ६९ लाख विनियोजन गरेको छु ।

६. सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रमको व्यवस्था,कार्यरत कार्यालय सहयोगी, बाल विकास शिक्षक तथा लेखापालहरुको पारिश्रमिक लगायतका शिर्षकहरुलाई निरन्तरता दिदैं शैक्षिक गुणस्तर सुधार गरी सामुदायिक विद्यालय प्रति विश्वाशको वातावरण सृजना गर्न विद्यालय प्रभावकारी सञ्चालनको लागि रु. १ करोड ७० लाख रकमको विनियोजन गरेको छु ।



अर्जुन प्रसाद न्यौपाने

७. खेलकुद क्षेत्रको विकास र प्रवर्धनको लागि रु. १० लाख विनियोजन गरेको छु ।

८. एक घर एक धाराको नीति कार्यान्वयन गरी सबैलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न तिनै तहका सरकार र विभिन्न साझेदारसंस्थाहरु संग लागत साझेदारी मार्फत खानेपानी समस्याको दिगो समाधान तर्फ विशेष ध्यान केन्द्रित गरेको छु । साथै किस्पाङ गाउँपालिकाको महत्वकांक्षी आयोजना हाङ्ग क्वाङ्ग स्योङ खोला मुहान गरी मनकामना फिकुरी खानेपानी आयोजनामा (विशेष अनुदान) रु. ९० लाख रुपैंया वाट कार्य संञ्चालन हुने ब्यवस्था मिलाइको छु । सहारा नेपाल संग लागत साझेदारीमा ५ नं वडाको अर्चले,पुरानो गाउँ, मानेगाउँमा एक घर एक धारा योजना सञ्चालनको लागि रु. २५ लाख विनियोजन गरेको छु ।

९. चक्लावन्दी खेती, एक वडा एक नर्सरी,कृषि यान्त्रिकिकरण अनुदान मार्फत कृषि क्षेत्रको विकास गरी स्वरोजगार सृजना गर्न र कृषि उपजको उत्पादन र बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।प्रत्येक वडामा रहेका कृषि सेवा केन्द्र प्रभावकारी रुपमा सञ्चालनको लागि भएका आवश्यक कर्मचारीहरु परिचालन गरी समग्र कृषि क्षेत्रको विकासको लागि संघीय सशर्त कार्यक्रम बाहेक स्थानीय तहवाट रु. ८५ लाख सहितको सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

१०. पशु विकास तथा पशु जन्य उत्पादन प्रवर्द्धन, बजारीकरण, क्षमता विकास, नश्ल सुधार, डाक्टर सहित पशुपंछी स्वास्थ्य प्रयोगशाला सेवा,वडा कार्यालय वाट पशु प्राविधिक सेवा र अत्यावश्यक औषधी, माहामारी नियन्त्रण तथा प्राविधिक सेवा टेवा कार्यक्रम सञ्चालनको लागि रु. ८५ लाख ४५ हजार विनियोजन गरेकोछु ।

११. सिंचाई सुविधा नपुगेका खेती योग्य जमिनमा समुचित सिंचाईको प्रवन्ध गर्न ठुला र मझौला सिञ्चाइको व्यवस्था संघीय सरकार र प्रदेश सरकार मार्फत योजना सञ्चालनको ब्यवस्था मिलाएको छु । स्थानीय तहवाट साना सिञ्चाइ योजनामा आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. अनुदान मल वितरणलाई पारदर्शि बनाउन किस्पाङ गाउँपालिका भरी एउटै मूल्य कायम गर्न मल ढुवानीको अनुदान ब्यवस्थापनको लागि कृषि विकास कार्यक्रमबाट रु.३ लाख विनियोजन गरेको छु ।

१३. लघु उद्यमको विकास र प्रवर्द्धन गरी स्वरोजगार सृजना गर्न संघीय सरकार र स्थानीय सरकार मार्फत कुल रु. ३३ लाख विनियोजना गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

१४. गाउँपालिका क्षेत्र भित्र पर्यटकीय सम्भाव्यता अध्ययन तथा विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु । मौलिक संस्कृती झल्कने मेला, पर्व, महोत्सव तथा ऐतिहाँसिक धार्मिक स्थलहरुको संरक्षण र विकासको क्षेत्रमा विशेष ध्यान केन्द्रित गरी १५ लाख बजेट विनियोजन गरेको छु ।

१५. वर्षादवाट क्षती भएका सडकहरुलाई तत्काल सञ्चालनको लागि **रू. २५ लाख** विनियोजन गरेको छु । गाउँपालिकामा भएको ब्याक हो लोडरलाई तयारिको अवस्थामा राख्नुको साथै आवश्यक इन्धन तथा मोविल ग्रिजको लागि **रू. २५ लाख** रकम विनियोजन गरेको छु ।

१६. बिभिन्न गैह्रसरकारी संघ संस्थाहरु संग लागत साझेदारीमा जिविकोपार्जन अन्तर्गत कृषि,पशुपालन क्षेत्रहरुमा कार्यक्रम सञ्चालनको लागि **१ करोड ५० लाख** रुपैया बजेट बिनियोजन गरेको छु ।

१७. विपद जोखिम न्यूनीकरणको लागि रोकथाम, नियन्त्रण, उपचार राहत आदि कार्यका लागि विपद् व्यबस्थापन कोषमा **रु. २० लाख** विनियोजन गरेको छु ।

१८. गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने न्यून आर्थिक अवस्था भएका नागरिक र दलित समुदायका परिवारको स्वास्थ्यमा पहुँच पुर्याउन स्वास्थ्य वीमा कार्यक्रमको लागि **रु. २० लाख** विनियोजन गरेको छु ।

१९. महिला, दलित, अपांग र अति विपन्न समुदायलाई स्वरोजगारी सृजना गर्न, सशक्तिकरण गरी विकासको मुलप्रवाहमा ल्याउन तथा जेष्ठ नागरिक र बालबालिका सम्बन्धी कार्यक्रम संचालन गर्न **रु. १५ लाख** रकम विनियोजन गरेको छु ।

२०. मौलिक, भाषा ,संस्कृती, संरक्षण तथा प्रवर्द्धनको लागि **रू. १० लाख** बजेट विनियोजन गरेको छु ।

२१. संस्थागत स्वमूल्यांकन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा वित्तीय सुशासन जोखिम मूल्याङकन गर्न आवश्यक रकम व्यवस्था गरेको छु।

२२. संस्थागत सुशासनलाई थप प्रभावकारी वनाउन ४ नं. वडामा वडा कार्यालय भवनको निर्माणको लागि **१ करोड** विनियोजन गरेकोछु ।

२३. वडागत रुपमा रहेका योजनाहरुको मर्मत संभार तथा साना योजनाहरुको लागि प्रत्येक वडामा रु. ५० लाखका दरले जम्मा रु २ करोड ५० लाख छुट्टयाईएको छु ।

२४. सडक वोर्ड नेपाल मार्फत सञ्चालित योजनामा लागत साझेदारीको लागि रु ३ लाख ४० हजार विनियोजन गरेकोछु ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

२५. पूर्वाधार विकास नै विकासको मेरुदण्ड भएको महसुस गर्दै पूर्वाधार विकासमा तिनै तहका सरकारवाट प्राथमिकता दिदैं आएकोमा संघीय सरकारसंग समपुरक योजनामा गाउँपालिका हुँदै च्याम्पकुतरी सडकमा रु. १ करोडको बजेटको व्यवस्था भएको छ ।बागमती प्रदेश सरकार समपूरक योजना अन्तर्गत डावाचेत विरु डाँडा ऐसेलु रैला खोला थलाङ गाउँहुदै किस्पाङ सडकमा रु २ करोड, अर्चले सिरान देखि पुरानो गाउँ भँडारे गोगने सिरान सडक स्तरोन्नती शिर्षकमा रु २ करोडको ब्यवस्था भएको छ ।विशेष योजना अन्तर्गत कार्की गाउँ खानेपानी योजनाको लागि रू. १ करोडको ब्यवस्था भएको छ ।

२६. गाउँपालिकाको सूचना तथा अभिलेख व्यवस्था गर्न, संचार प्रविधि मैत्री बनाउने र सूचना केन्द्र व्यवस्थापनको लागि रकम विनियोजन गरेको छु ।साथै प्रत्येक वडा आसपासमा फ्री वाईफाई व्यवस्थापन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२७. डिप्लोमा कृषि/पशु सम्बन्धी प्राविधिक शिक्षा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विधार्थीहरुको लागि पूर्ण वा आंशिक छात्रवृत्तिलाई निरन्तरता दिएको छु ।

२८. सुत्केरी आमाको लागि रु. ३०००।- पोषण खर्च दिने व्यवस्थाको लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु । साथै महिला स्वंय-सेविकाहरुलाई हाल दिदै आएको रु. ५०० भत्तालाई सोही बरावर नै थप गरी प्रति महिला स्वयंसेविका मासिक रु. १०००। दिने कार्यक्रमलाई निरन्तरता गरेको छु ।

२९. सहकारी क्षेत्रको विकास, विस्तार प्रवर्द्धन तथा रोजगारी सृजना गर्ने खालका कार्यक्रम सञ्चालनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

३०. किस्पाङ बहुप्राविधिक शिक्षालयको सञ्चालन तथा व्यवस्थापनको लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

३१. सु-शासन तथा संस्थागत क्षमता विकासको लागि रू. ४५ लाख रकम विनियोजन गरेको छु ।

३२. कर्मचारी पारिश्रमिक/पदाधिकारी सेवा सुविधा सहित कार्यालय संचालन तथा प्रशासनिक खर्चको लागि रु. ६ करोड ३० लाख रकम विनियोजन गरेको छु।

३३. किस्पाङ गाउँपालिकाको १ नं वडा र ४ नं वडा सम्म जोडने सडक लगायत वस्तिलाइ जोखिम पुर्याएको खुर्लु पहिरो नियन्त्रणको लागि DPR अनुसार बायो इन्जिनियरिङ प्रविधि निकास व्यवस्थापन, पहिरो नियन्त्रणका संरचना निर्माण गर्न रु. ३१ लाख ३४ हजार रकम विनियोजित गरेको छु ।

अर्जुन प्रसाद न्यौपाने

३४. वडा नं २ साविक फिकुरी गा.वि.स. वडा नं ६ मा खानेपानीको दीर्घकालीन समाधान गर्न डाङ्चिमे खानेपानी योजनाको लागि **रु. २५ लाख** विनियोजन गरेको छु ।

आदरणीय गाउँ सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यू हरु

३५. अब म किस्पाङ गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कुल बजेट विनियोजन र आम्दानीका स्रोत अनुमानको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

३६. अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट

३७. नेपाल सरकारबाट समानीकरण तर्फ रु. ७,२४,००,००० ।- (अक्षेरुपी सात करोड चौविस लाख मात्र)

३८. नेपाल सरकार बाट सशर्त तर्फ रु. १५,३३,००,००० ।- (अक्षेरुपी पन्ध्र करोड तेत्तिस लाख मात्र)

३९. नेपाल सरकार विशेष अनुदान तर्फ रु. ९०,००,००० ।- (अक्षेरुपी नब्बे लाख मात्र)

४०. नेपाल सरकार समपुरक अनुदान तर्फ रु. ५०,००,००० ।- (अक्षेरुपी पचास लाख मात्र)

४१. नेपाल सरकार राजश्व बाँडफाड तर्फ रु. ६,६३,३५,१०० ।- ( छ करोड त्रिसठ्ठि लाख पैतिस हजार एक सय रुपैयाँ मात्र)

४२. बागमती प्रदेश सरकार समानीकरण तर्फ रु. ६४,७६,००० ।- (अक्षेरुपी चौसठ्ठि लाख छयहत्तर हजार मात्र)

४३. बागमती प्रदेश सरकार बाट सशर्त तर्फ रु. २,१८,२६,००० ।- (अक्षेरुपी दुई करोड अठार लाख छब्बिस हजार मात्र)

४४. बागमती प्रदेश सरकार विशेष अनुदान तर्फ रु. १,००,००,००० ।- (अक्षेरुपी एक करोड मात्र)

४५. बागमती प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. २,००,००,००० ।- (अक्षेरुपी दुई करोड मात्र)

४६. बागमती प्रदेश सरकार राजश्व बाँडफाड तर्फ रु. १,१४,२३,७४५ ।- (अक्षेरुपी एक करोड चौध लाख तेइस हजार सात सय पैतालिस रुपैयाँ मात्र)

अर्जुन प्रसाद न्यौपाने

उपाध्यक्ष

४७. गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १,४०,००,०००।- (अक्षेरुपी एक करोड चालिस लाख मात्र)

४८. उल्लेखित स्रोतहरुबाट अपुग हुने रु. ७,४०,७४,१५५।-(अक्षेरुपी सात करोड चालीस लाख चौहत्तर हजार एक सय पचपन्न मात्र) चालु आ.व. को असार मसान्तसम्म खर्च भई बाँकी रहने नगद मौज्दातबाट पूर्ति हुने अनुमान गरेको छु ।

४९. आ.व. २०८०/८१ को लागि सम्पुर्ण अनुमानीत आय अनुसार चालु तर्फ रु २६ करोड ४९ लाख ७६ हजार र पूजींगत तर्फ १९ करोड ८८ लाख ५९ हजार गरी कुल जम्मा रु ४६ करोड ३८ लाख ३५ हजार बजेट विनियोजन गरेको छु । विस्तृत विवरणहरु अनुसूचीहरुमा समावेश गरेको छु ।

आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यू हरु

५०. आर्थिकवर्ष २०८०।८१ को बजेटले वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न प्रभावकारी हुने बिश्वास गरेको छु । यस बजेटले गाउँबासी जनसमुदाय, विकास साँझेदार, निजि क्षेत्र, सहकारी र समुदायमा आधारित संस्थाहरुको अपेक्षा पूरा गर्ने बिश्वास लिएको छु । बजेटको प्रभावकारी कार्यान्वयनको लागि सहयोग गर्न सम्पूर्ण गाउँबासी र सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

अन्तमा

आर्थिक वर्ष २०८०।८१ को बजेट तयारीको लागि खटिने सम्पूर्ण जनप्रतिनिधिहरु, गाउँपालिकामा कार्यरत कर्मचारीहरु साथै यस कार्यमा रचनात्मक सहयोग गर्ने राजनीतिक दल, विकास साँझेदार, गैरसरकारी संस्था, संचारकर्मी, उद्यमी व्यवसायी, बुद्धिजीवि, किसान, महिला तथा विभिन्न पेशामा संलग्न शुभेच्छुकहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष